# स्थानीय राजपत्र

## बलेफी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-६ सङ्ख्या-४ बलेफी स्थानीय राजपत्र प्रकाशित मिति २०७९/०३/१२

## भाग-१

**बलेफी गाउँपालिका**

### गाउँ कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधान बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### सार्वजनिक निजी साझेदारी सम्बन्धि ऐन, २०७९

**प्रस्तावना :** सार्वजनिक निजी साझेदारीको माध्यमबाट पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गरी सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वसुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ उपधारा (१) बमोजिम बलेफी गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **"सार्वजनिक निजी साझेदारी सम्बन्धी ऐन, २०७९"** रहेको छ ।

(२) यो ऐन बलेफी गाउँ सभाले पारित गरेको मितिदेखि प्रारम्भ हुनेछ।

(३) यो ऐन बलेफी गाउँपालिका भर लागु हुनेछ।

२. <u>परिभाषा</u> : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुमतिपत्र" भन्नाले परियोजना कार्यान्वयन गर्न दफा २३ बमोजिम दिइएको अनुमतिपत्र सम्झनु पर्छ।

(ख) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले परियोजना कार्यान्वयन गर्न अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ग) "इकाई" भन्नाले प्रत्येक पालिकामा स्थापित भएको सार्वजनिक निजी साझेदारी इकाई भन्ने सम्झनु पर्छ।

(घ) "उपभोक्ता" भन्नाले यस दफा बमोजिमको सेवा सुविधा उपभोग गर्ने व्यक्ति सम्झनु पर्छ।

(ङ) "निर्माण" भन्नाले पूर्वाधार संरचनाको निर्माण, विकास वा पुनर्स्थापन गर्ने कार्य सम्झनु पर्छ।

(च) "परियोजना" भन्नाले पूर्वाधार संरचनाको निर्माण वा सञ्चालन गर्न यस ऐन बमोजिम कार्यान्वयन गरिने परियोजना सम्झनु पर्छ।

(छ) "प्रस्तावक" भन्नाले दफा १२ बमोजिम प्रस्ताव पेश गर्ने वा दफा १५ को उपदफा (३) बमोजिम निवेदन दिने व्यक्ति सम्झनु पर्छ।

(ज) "पुनर्स्थापन" भन्नाले मौजुदा पूर्वाधार संरचनाको मर्मत, विस्तार वा पुनर्निर्माण गरी पुनर्स्थापन गर्ने काम सम्झनु पर्छ।

(ञ) "पूर्वाधार संरचना" भन्नाले सडक, सुरुङ्ग मार्ग, पुल, अस्पताल, नहर, विद्युत उत्पादनगृह, विद्युत प्रसारण लाइन, केबुलकार लाइन, रेल्वे लाइन, ट्रलीबस संरचना, ट्रामवे, सुख्खा बन्दरगाह, जलमार्ग, परिवहन बिसौनीस्थल, विमानस्थल, प्रदर्शनीस्थल, पार्क, जलाशय, बाँध, ढल निकास, फोहोर मैला प्रशोधन तथा व्यवस्थापन प्लाण्ट, ऊर्जा उत्पादन तथा वितरण, रङ्गशाला, सार्वजनिक सभागृह, बहुआवासीय भवन वा सार्वजनिक गोदामघर निर्माण सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृत्तिका अन्य पूर्वाधार संरचना समेतलाई जनाउँछ।

(ड) "मनसायपत्र" भन्नाले परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा दफा १० बमोजिम माग गरिएको मनसायपत्र सम्झनु पर्छ।

(ढ) "स्थानीय सरकार" भन्नाले गाउँपालिका सम्झनु पर्छ।

(ण) "सम्झौता" भन्नाले परियोजना कार्यान्वयन गर्न दफा २० बमोजिम प्रस्तावकसँग गरिएको सम्झौता सम्झनु पर्छ।

(त) "समिति" भन्नाले सार्वजनिक निजी साझेदारी इकाईको प्रबर्द्धन समिति भन्ने सम्झनु पर्छ।

(थ) "सर्वेक्षण" भन्नाले परियोजना कार्यान्वयन गर्नको लागि गरिने सर्वेक्षण सम्झनु पर्छ र सो शब्दले परियोजनाको सम्भाव्यता अध्ययन, इञ्जिनियरिङ्ग डिजाइन कार्य र त्यसको लागि गरिने अन्वेषण समेतलाई जनाउँछ।

(द) "सार्वजनिक निजी साझेदारी" भन्नाले सार्वजनिक सेवासँग सम्बन्धित कुनै परियोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन वा सम्भार तथा वित्तीय लगानीमा आंशिक वा पूर्ण रुपमा निजी क्षेत्रलाई संलग्न गराउने गरी तथा पूर्ण वा आंशिक रुपले आम्दानीको जोखिम व्यहोर्ने गरी सार्वजनिक निकाय तथा निजी संस्था बीच भएको करारीय प्रवन्ध सम्झनु पर्छ।

(ध) "शुल्क" भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले सेवा सुविधा उपलब्ध गराए बापत उपभोक्तासँग लिन पाउने सेवा शुल्क सम्झनु पर्छ।

(न) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तरगत बनेको नियम वा निर्देशिकामा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

## परिच्छेद-२

## परियोजना पहिचान तथा स्वीकृति

३. **सार्वजनिक निजी लगानीमा परियोजना कार्यान्वयन गर्न सकिने** : (१) पूर्वाधार संरचना सम्बन्धी कुनै परियोजना सार्वजनिक निजी साझेदारीमा यस ऐन बमोजिम कार्यान्वयन गर्न सकिनेछ।

(२) सार्वजनिक निजी साझेदारी परियोजनामा देहायका विशेषतामध्ये अधिकांश विशेषताहरु संमिश्रण भएको हुनु पर्नेछ ।

(क) पूर्वाधार सेवाको निर्माण, पुनर्स्थापना वा आधुनिकीकरण गर्ने उद्देश्यका लागि निजी निकायको पूर्ण वा आंशिक पुंजी लगानी भएको,

(ख) निजी निकायलाई पूर्वाधार वा सेवाको सञ्चालन, मर्मत वा सेवा प्रदान गर्ने गरी जिम्मेवारी दिइएको वा सञ्चालन तथा मर्मत गर्न दिने गरी परियोजनाको व्यवस्थापन सम्झौता भएको,

(ग) निजी निकायलाई पूर्वनिर्धारित मापनयोग्य मानक अनुसारको कार्यसम्पादनसँग आवद्ध भुक्तानीको व्यवस्था भएको,

(घ) निजी निकायबाट पूर्ण वा आंशिक रुपले आम्दानीको जोखिम व्यहोर्ने व्यवस्था स्वीकार गरिएको,

(ङ) परियोजनाको सम्झौता अवधि स्पष्ट भएको।

४. **सार्वजनिक निजी साझेदारीका ढाँचाहरू** : दफा ३ को अधीनमा रही सार्वजनिक निजी साझेदारीका ढाँचाहरु देहाय बमोजिम हुन सक्नेछ :-

(क) सञ्चालन पूँजी बाहेक निजी लगानी आवश्यक नपर्ने प्रकृत्तिको सञ्चालन तथा व्यवस्थापन करार,

(ख) न्यून वा उल्लेखनीय निजी पूंजी आवश्यक पर्ने निर्माण, स्वामीत्वकरण, सञ्चालन तथा हस्तान्तरण करार,

(ग) माथि खण्ड (क) वा (ख) मा उल्लिखित करारका अन्य रुपहरु।

५. **परियोजना पहिचान गर्ने** : (१) गाउँपालिकाले तोकिएको गाउँपालिका अन्तरगत सार्वजनिक निजी साझेदारी कार्यान्वयन गर्न सकिने परियोजना पहिचान गरी विवरण अद्यावधिक बनाई राख्नेछ।

(२) उपदफा (१) बमोजिम विवरण राख्दा गाउँपालिकाले सर्भेक्षण भए वा नभएका परियोजनाको छुट्टाछुट्टै विवरण राख्नु पर्नेछ।

(३) गाउँपालिकाले उपदफा (१) बमोजिम परियोजना पहिचान गर्दा समितिको राय लिन सक्नेछ।

६. **प्राथमिकता निर्धारण गर्ने** : (१) गाउँपालिकाले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गरिने परियोजनाको प्राथमिकता निर्धारण गर्नेछ।

(२) उपदफा (१) बमोजिम परियोजना कार्यान्वयनको प्राथमिकता निर्धारण गर्दा देहायका क्षेत्रलाई प्राथमिकतामा राख्नु पर्नेछ :-

(क) भौतिक पूर्वाधार जस्ता सडक, पुल, विमानस्थल, रेलमार्ग, केबलकार, रोपवेको निर्माण क्षेत्र,

(ख) विद्युत् उत्पादन, प्रसारण र वितरण तथा अन्य प्रकारका ऊर्जा क्षेत्र,

(ग) सूचना र सञ्चार,

(घ) फोहोरमैला व्यवस्थापन, पिउने पानी, ढल निकास र सरसफाई जस्ता सहरी तथा ग्रामीण वातावरण,

(ङ) शिक्षा, स्वास्थ्य सम्बन्धी पूर्वाधार तथा सेवा, पर्यटन पूर्वाधार,

(च) सेवा र सुविधाजन्य सहरी पूर्वाधारहरू।

७. **<u>सार्वजनिक निजी साझेदारी परियोजना छनौटका</u> आधारहरु :** (१) देहायका आधारहरुमा सार्वजनिक निजी साझेदारी बमोजिम कुनै परियोजना कार्यान्वयन गर्ने वा नगर्ने निर्णय गरिनेछ :-

(क) स्थानीय सरकारले त्यस्तो परियोजनको लागत व्यहोर्न सक्ने अवस्था भए वा नभएको,

(ख) परियोजनाको कार्यान्वयनका लागि गरिएको खर्च वा लगानीबाट सार्वजनिक स्तरमा गुणात्मक लाभप्राप्त हुने अवस्था भए वा नभएको,

(ग) परियोजना आर्थिक रुपमा सम्भाव्य भएको,

(घ) स्थानीय सरकार र निजी निकायबीच जोखिम तथा लाभको उचित ढंगमा बाँडफाँड हुने अवस्था भए वा नभएको।

(२) सार्वजनिक निजी साझेदारी बमोजिम कुनै परियोजना कार्यान्वयनका लागि सार्वजनिक निजी साझेदारीको ढांचा छनौट गर्दा देहायका कुराहरुलाई ध्यान दिनु पर्नेछ :-

(क) परियोजनाको उद्देश्य पूरा हुने उपयुक्त स्वरुप भएको,

(ख) परियोजनाको लागि निजी क्षेत्रको साधन श्रोत उपलब्ध भएको,

(ग) परियोजनाको डिजाइन, लगानी, निर्माण, सञ्चालन तथा मर्मत सम्भारमा निजी क्षेत्रले वहन गर्न सक्ने भूमिका भएको,

(घ) सम्भावित लगानीकर्ताहरुद्वारा स्वीकार गर्न सक्ने अवस्था रहेको,

(ङ) उपभोक्ता तथा समूदायले स्वीकार गर्न सक्ने सेवा शुल्क भएको,

(च) वित्तीय संस्था तथा लगानीकर्ताहरुद्वारा स्वीकार गर्न सक्ने अवस्था रहेको,

(छ) लाभ तथा जोखिम बाँडफाँडको स्वरुप निर्धारण भएको,

(ज) स्थानीय सरकारको आर्थिक तथा व्यवस्थापकीय क्षमता भएको,

(झ) परियोजना सम्झौताको अवधि उल्लेख भएको,

(ञ) जटिल प्रकृतिका सार्वजनिक निजी साझेदारी सम्झौताहरु कार्यान्वयन गर्न सक्ने मानव संशाधनको उपलब्धता भएको।

८. **<u>परियोजना स्वीकृत गराउनु पर्ने</u> :** (१) गाउँपालिकाले कुनै परियोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न उपयुक्त देखेमा देहायका विवरण खुलाई समितिको सदस्य सचिवबाट स्वीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परियोजना स्वीकृत गराउँदा गाउँपालिकाले समितिसँग परामर्श गर्नुपर्नेछ।

९. **<u>सार्वजनिक निजी साझेदारी कार्यान्वयन नगरिने परियोजना</u>** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका परियोजना सार्वजनिक निजी साझेदारी माध्यमबाट कार्यान्वयन गरिने छैन :-

(क) परियोजना सम्बन्धी वित्तीय, प्राविधिक वा सञ्चालन सम्बन्धी जोखिम निजी क्षेत्रलाई हस्तान्तरण गाडी निजी क्षेत्रबाट कुनै काम र/वा सेवा प्राप्त गर्ने उद्देश्यबाट सञ्चालन हुने,

(ख) सार्वजनिक सम्पत्ति वा दायित्वको निजीकरण हुने,

(ग) सरकारी निर्णयले सरकारी स्वामित्वको उद्यम खडा गरी सार्वजनिक कामको व्यापारीकरण हुने,

(घ) सार्वजनिक कार्यको लागि निजी निकायबाट प्रदान गरिएको दान, चन्दा वा उपहार प्राप्त हुने,

(ङ) देशको सुरक्षासँग सम्बन्धित परियोजना,

(च) सार्वजनिक हितका दृष्टिले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न नहुने।

१०. **<u>मनसायपत्र आह्वान गर्न सक्ने</u>** : (१) समितिले दफा ८ बमोजिम स्वीकृत परियोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी मनसायपत्र आह्वान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मनसायपत्र पेश गर्न चाहने व्यक्तिले तोकिए बमोजिमका विवरणहरु खुलाई सोही उपदफा बमोजिम प्रकाशित सूचनामा उल्लिखित समयावधिभित्र समिति समक्ष मनसायपत्र पेश गर्नु पर्नेछ।

११. **<u>संक्षिप्त सूची तयार गर्ने</u>** : समितिले मनसायपत्र प्राप्त भएको मितिले एक महिनाभित्र देहायको आधारमा मनसायपत्र पेश गर्ने व्यक्तिहरु छनौट गरी सोको संक्षिप्त सूची तयार गर्नेछ।

१२. **<u>प्रस्ताव आहवान गर्न सक्ने</u>** : (१) समितिले दफा ११ बमोजिम संक्षिप्त सूची तयार गरेपछि सो सूचीमा परेका मनसायपत्र पेश गर्ने व्यक्तिबाट परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्तिले देहायका विवरणहरु खुलाई सोही उपदफा बमोजिम प्रकाशित सूचनामा उल्लिखित समयावधिभित्र समिति समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ।

१३. **<u>सोझै प्रस्ताव आहवान गर्न सक्ने</u>** : दफा १२ मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै पहिले नै सर्वेक्षण भइसकेको वा तोकए बमोजिम भन्दा कम लागतको परियोजना भए समितिले गाउँपालिकाको सिफारिशमा परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा देहायको कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी सोझै प्रस्ताव आह्वान गर्न सक्नेछ।

१४. **<u>प्रस्ताव छनौट गर्ने</u>** : (१) दफा १२ वा १३ बमोजिम प्रस्ताव प्राप्त भएपछि समितिले प्रस्ताव प्राप्त भएको मितिले साठी दिनभित्र देहायका आधारमा प्रस्ताव छनौट गर्नेछ :-

(क) प्रस्तावकको आर्थिक हैसियत,

(ख) प्रस्तावकको प्राविधिक क्षमता,

(ग) परियोजनाको वातावरणीय अध्ययन प्रतिवेदन,

(घ) स्थानीय सरकारलाई बुझाउने प्रस्तावित रोयल्टी रकम,

(ङ) परियोजना कार्यान्वयन गर्दा उपभोक्तासँग लिने प्रस्तावित शुल्क,

(च) तोकिए बमोजिमका अन्य विवरण।

(२) उपदफा (१) बमोजिम प्रस्ताव छनौट सम्बन्धी आधार समितिले प्रस्ताव पेश गर्नु अघि प्रस्तावकलाई उपलब्ध गराउनेछ।

(३) उपदफा (१) बमोजिम प्रस्ताव छनौट गरेपछि समितिले त्यसको जानकारी छिटो साधनद्वारा छनौट भएको प्रस्तावकलाई दिनु पर्नेछ।

१५. **<u>वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न सक्ने</u>** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कम्तीमा दुईपटक मनसायपत्र वा प्रस्ताव आह्वान गर्दा पनि आवश्यक सङ्ख्यामा मनसायपत्र वा प्रस्ताव छनौट हुन नसकेको परियोजना समितिले गाउँपालिकाको सिफारिशमा वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कुनै कारणले कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न मनासिव हुने भनी समितिले स्वीकृति दिएमा त्यस्तो परियोजना वार्ताद्वारा कार्यान्वयन गराउन सकिनेछ :-

(क) परियोजनाको प्रकृति वा लागतको कारण प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएको,

(ख) नयाँ अवधारणा वा प्रविधि समावेश भएको, वा

(ग) अन्य कुनै कारणले वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न उपयुक्त हुने।

(३) उपदफा (२) बमोजिमको कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न चाहने व्यक्तिले देहायका कुराहरु खुलाई गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा वार्ताद्वारा सो परियोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा गाउँपालिकाले निवेदकसँग वार्ता गरी कार्यान्वयन गराउनेछ ।

(५) यस दफा बमोजिम वार्ताद्वारा परियोजना कार्यान्वयन गर्दा समितिले निवेदकसँग दफा १८ बमोजिमको वा अन्य आवश्यक विवरण माग गर्न सक्नेछ।

१६. **वार्ताद्वारा परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न सक्ने** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले विस्तृत सम्भाव्यता अध्ययन नभएको कुनै परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्नको लागि समिति समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विस्तृत सम्भाव्यता अध्ययन गर्न अनुमति दिन मनासिव देखिएमा समितिले गाउँपालिकासँग परामर्श गरी निवेदकसँग वार्ता गरी त्यस्तो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न गराउन अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यक्ति स्वयंले व्यहोर्नु पर्नेछ।

(४) यस दफा बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गरिएको कुनै परियोजनाको कार्यान्वयनका लागि प्रतिस्पर्धा गराउँदा उपदफा (२) बमोजिम बिस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यक्ति छनौट हुन नसकेमा निजले सो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो परियोजनाको कार्यान्वयनको लागि छनौट भएको प्रस्ताव स्वीकृत हुने व्यक्तिले व्यहोर्नु पर्नेछ।

१७. **समझदारीपत्र गर्न सक्ने** : दफा १४ बमोजिम प्रस्ताव छनौट गरेपछि वा दफा १५ को उपदफा (५) बमोजिम माग गरिएको विवरणका आधारमा परियोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा समितिले प्रस्तावकसँग परियोजनाको कार्यान्वयन गर्ने सम्बन्धमा समझदारीपत्र सम्पन्न गर्न सक्नेछ।

तर परियोजनाको प्रकृति हेरी समितिले प्रस्तावकसँग प्रारम्भिक परियोजना सम्झौता गर्न सक्नेछ।

१८. **परियोजनाको विवरण पेश गर्नु** : (१) दफा १७ बमोजिम समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता गरेकोमा सो समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौतामा उल्लिखित समयावधिभित्र र समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता गाउँकोमा परियोजनाको प्रकृति हेरी छ महिनामा नबढ्ने गरी समितिले तोकेको समयावधिभित्र प्रस्तावकले परियोजना कार्यान्वयन सम्बन्धी देहायका विवरणहरु समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसक्ने कुनै मनासिब कारण देखाई समयावधि थपको लागि समिति समक्ष निवेदन दिएमा समितिले बढीमा तीन महिनाको समयावधि थप गरिदिन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिमको अवधिभित्र प्रस्तावकले सो विवरण पेश गर्न नसक्ने कारण देखाई समिति समक्ष दिएको निवेदन जाँचबुझ गर्दा कारण मनासिव देखिएमा समितिले कुनै खास परियोजनाको हकमा सम्झौता भएपछि सो विवरण पेश गर्न स्वीकृति दिन सक्नेछ।

१९. **रद्द गर्न सक्ने** : (१) दफा १८ बमोजिमको समयावधिभित्र प्रस्तावकले विवरण पेश गाउँमा वा त्यसरी पेश गरिएको विवरण अध्ययन गर्दा परियोजना कार्यान्वयन गर्न सम्भाव्य र उपयुक्त नदेखिएमा समितिले त्यसको कारण खुलाई प्रस्तावकसँग समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता गरेको भए त्यस्तो समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता र समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता गाउँकोमा निजको प्रस्ताव रद्द गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम समझदारीपत्र, प्रारम्भिक परियोजना सम्झौता वा प्रस्ताव रद्द भएमा प्रस्तावकले समिति वा गाउँपालिका संग कुनै किसिमको हानि नोक्सानी बापतको क्षतिपूर्ति दाबी गर्न पाउने छैन।

## परिच्छेद-३

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

२०. **सम्झौता गर्ने** : (१) दफा १८ बमोजिम प्राप्त विवरणको आधारमा प्रस्तावकसँग सम्झौता गर्न उपयुक्त देखिएमा समितिले प्रस्तावकसँग आवश्यकतानुसार वार्ता गरी सम्झौता गर्नेछ।

(२) उपदफा (१) बमोजिम संझौता गर्नुपूर्व समितिले गाउँपालिकासँग परामर्श गर्नेछ।

(३) उपदफा (१) बमोजिम संझौतामा समितिको तर्फबाट हस्ताक्षर गर्नेछ।

(४) प्रस्तावकले दफा १८ को उपदफा (१) बमोजिमको विवरण संझौतामा लखिएको अवधिभित्र पेश गर्नु पर्नेछ। सो अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसकेमा प्रस्तावकसँग गरेको सम्झौता स्वतः रद्द भएको मानिनेछ।

२१. **सम्झौतामा खुलाउनु पर्ने कुराहरुः** सम्झौतामा देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(क) परियोजनाको विवरण,

(ख) परियोजना कार्यान्वयन शुरु गर्ने मिति र सम्पन्न गर्ने मिति,

(ग) परियोजनाको निर्माण वा सञ्चालन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियत सम्बन्धी कुरा,

(घ) अनुमतिपत्रको अवधि,

(ङ) जोखिमको बाँडफाँड र परियोजना अवधिमा जोखिम व्यवस्थापन गरिने विधि, कार्यसम्पादनमा आधारित भुक्तानी सम्बन्धी व्यवस्था, कार्यसम्पादनका मूल्यांकनका वस्तुगत आधार र मापदण्ड,

(च) परियोजना कार्यान्वयनको चरणवद्ध विवरण र कार्यान्वयन तालिका,

(छ) परियोजनाको प्राविधिक गुणस्तर तथा स्टाण्डर्ड,

(ज) परियोजना सञ्चालन सम्बन्धी विवरण,

(झ) परियोजना लिजमा दिइएको भए सोको विवरण र लिजका शर्तहरु,

(ञ) परियोजनाको सञ्चालन वा हस्तान्तरणको शर्त,

(ट) परियोजना सञ्चालन गर्दा उपभोक्तासँग लिन पाउने शुल्क सम्बन्धी व्यवस्था,

(ठ) परियोजनाको बीमा सम्बन्धी व्यवस्था,

(ड) परियोजनामा जडित मेशिन तथा परियोजना हस्तान्तरणका बखत हुनु पर्ने अवस्था र गुणस्तर,

(ढ) स्थानीय सरकारलाई बुझाउनु पर्ने रोयल्टी र भुक्तानी विधि,

(ण) परियोजना कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौता बमोजिमको दायित्व पूरा गाउँको कारणबाट सम्झौता रद्द हुने अवस्था,

(त) परियोजनामा स्थानीय सरकारको कुनै लगानी हुने भए त्यस्तो लगानी र सो वापत स्थानीय सरकारले प्राप्त गर्ने प्रतिफल,

(थ) अन्य आवश्यक कुराहरु।

२२. **परफर्मेन्स वण्ड सम्बन्धी व्यवस्था** : प्रस्तावकले परफर्मेन्स वण्ड बापत परियोजनाको कूल लागतको शून्य दशमलव पाँच प्रतिशत (०.५) भन्दा कम नहुने गरी सम्झौतामा लेखिए बमोजिमको रकम वा सो बराबरको बैंक ग्यारेन्टी सम्झौतामा उल्लिखित समयावधिभित्र समिति समक्ष दाखिला गर्नु पर्नेछ।

२३. **अनुमतिपत्र दिने** : दफा २० बमोजिम सम्झौता गरेपछि गाउँपालिकाले प्रस्तावकलाई परियोजनाको कार्यान्वयन गर्न अनुमतिपत्र दिनेछ।

२४. **<u>रीत पुगेको मानिने</u>** : (१) प्रचलित कानूनमा जूनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमाजिम समितिबाट परियोजनस्वीकृत भई दफा २३ बमोजिम अनुमतिपत्र प्राप्त गरेकोमा त्यस्तो अनुमतिपत्र प्रचलित कानूनको रीत पुर्‍याई जारी भएको मानिनेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको अनुमतिपत्रका शर्तहरु उपर अनुमतिपत्र बहाल रहेको अवधिभर प्रतिकूल हुने गरी कुनै कानूनी, प्रशासनिक वा नीतिगत व्यवस्था गरिने छैन र सम्झौता प्रतिकुल हुने गरी गरिएको कुनै पनि कानूनी, प्रशासनिक वा नीतिगत व्यवस्था मान्य हुने छैन।

२५. **<u>अन्य व्यक्तिलाई अनुमतिपत्र नदिइने</u>** : परियोजनाको कार्यान्वयन गर्नको लागि कुनै क्षेत्रमा कुनै प्रस्तावकलाई अनुमतिपत्र दिई सकेपछि सम्झौतामा लेखिए बमोजिम सोही क्षेत्रमा सो परियोजनालाई प्रतिकूल असर पर्ने गरी त्यस्तै किसिमको परियोजनाको कार्यान्वयन गर्न अन्य व्यक्तिलाई अनुमतिपत्र दिइने छैन।

२६. **<u>अनुमतिपत्रको अवधि</u>** : (१) अनुमतिपत्रको अवधि पन्ध्र देखि पैंतीस वर्ष सम्म नबढाई परियोजनाको प्रकृति वा क्षेत्रको आधारमा सम्झौतामा लेखिए बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थिति परी अनुमतिपत्रको अवधि बढाउन आवश्यक भएको कारण खुलाई अवधि थपको लागि अनुमतिपत्र प्राप्त व्यक्तिले निवेदन दिएमा र सो निवेदनको व्यहोरा मनासिव देखिएमा समितिले बढीमा पाँच वर्षसम्म अनुमतिपत्रको अवधि थप गर्न सक्नेछ।

(३) अनुमतिपत्रको अवधि तोकिएको आधारमा निर्धारण गरिनेछ।

२७. **<u>अनुमतिपत्र रद्द गर्न सक्ने</u>** : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिम परियोजना कार्यान्वयन प्रारम्भ गाउँमा वा यो ऐन वा यस अन्तर्गत बनेको निर्देशिका वा सम्झौता विपरीत कुनै काम गरेमा गाउँपालिकाको सिफारिशमा समितिले अनुमतिपत्र प्राप्त व्यक्तिलाई सूचना दिई निजलाई दिइएको अनुमतिपत्र रद्द गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र रद्द भएमा अनुमतिपत्र प्राप्त व्यक्तिसँग गरिएको सम्झौता स्वतः रद्द भएको मानिनेछ।

(३) यस दफा बमोजिम अनुमतिपत्र रद्द भएमा अनुमतिपत्र प्राप्त व्यक्तिले समिति वा स्थानीय सरकारसँग कुनै किसिमको दाबी गर्न पाउने छैन।

२८. **<u>रोयल्टी बुझाउनु पर्ने</u>** : रोयल्टी बुझाउने गरी सम्झौता भएकोमा अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिमको रोयल्टी सम्झौतामा उल्लिखित तरिकाबाट स्थानीय सरकारलाई बुझाउनु पर्नेछ।

२९. **परियोजना हस्तान्तरण गर्नु पर्ने** : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौतामा लेखिए बमोजिम स्थानीय सरकार लाई परियोजना हस्तान्तरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परियोजना हस्तान्तरण हुँदा त्यस्तो परियोजनामा जडित मेशिन, उपकरण तथा संरचना सम्झौतामा लेखिए बमोजिमको क्षमता, अवस्था र चालू हालतमा हुनु पर्नेछ।

३०. **स्थानीय सरकारको स्वामित्व हुने**ः दफा २९ बमोजिम हस्तान्तरण भएको परियोजना र सो संग सम्बन्धित घर जग्गा तथा उपकरणको स्वामित्व स्थानीय सरकारको हुनेछ।

## परिच्छेद-४

## अनुमतिपत्र प्राप्त व्यक्तिको अधिकार तथा सुविधा

३१. **शुल्क उठाउन पाउने** : अनुमतिपत्र प्राप्त व्यक्तिले सेवा सुविधा उपलब्ध गराए बापत उपभोक्तासँग शुल्क उठाउन सक्नेछ।

३२. **घर जग्गा आदिमा प्रवेश गर्न सक्ने** : (१) परियोजना कार्यान्वयनको सिलसिलामा अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै घर ,जग्गा, उद्योग, कलकारखाना आदिको भौगोलिक तथा वैज्ञानिक सर्वेक्षण तथा नाप नक्शा गर्न, माटो लगायत अन्य प्राकृतिक स्रोत र साधनको परीक्षण गर्न, त्यसको लागि आवश्यकतानुसार उपकरण जडान गर्न तथा त्यस्तो उपकरणको प्रयोग गर्न, जग्गा छुट्याउन, साँध, किल्ला खडा गर्न वा निशाना लगाउने प्रयोजनको लागि सम्बन्धित धनीलाई अग्रीम सूचना दिई घर जग्गा आदिमा प्रवेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घर जग्गा आदिमा प्रवेश गर्दा सो जग्गामा लगाएको अन्न बाली वा हुर्केका रुख विरुवा काट्नु, उखेल्नु परेमा वा जग्गामा रहेका कुनै छेकबार, पर्खाल, कुनै मेशिनरी, औजार आदि हटाउनु, भत्काउनु वा लगाउनु परेमा सोको मनासिव क्षतिपूर्ति सम्बन्धित धनीलाई दिई अनुमतिपत्र प्राप्त व्यक्तिले सो गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम घर जग्गा आदिमा प्रवेश गर्दा सम्भव भएसम्म सम्बन्धित धनी, सरोकारवाला व्यक्ति तथा सोको कारणबाट प्रभावित हुने व्यक्तिको उपस्थितिमा प्रवेश गर्नु पर्नेछ।

३३. **घर जग्गाको प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न निषेध गर्न सक्ने** : (१) परियोजना कार्यान्वयनको सिलसिलामा परियोजना स्थल र त्यसको निश्चित दूरीमा पर्ने घर जग्गा अरु कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न वा सो जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न नपाउने कुरा सम्झौतामा लेखिएकोमा वा त्यस्तो घर जग्गा सो कामको निमित्त प्रयोग गर्न वा त्यस्तो घर जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न निषेध गरी पाउन अनुमतिपत्र प्राप्त व्यक्तिले गाउँपालिका समक्ष

निवेदन दिएमा र त्यसरी दिएको निवेदनको व्यहोरा मनासिब देखिएमा समितिले प्रचलित कानून बमोजिम त्यस्तो घर जग्गा सो बमोजिम प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न नपाउने गरी निषेध गर्न सक्नेछ।

तर त्यसरी निषेध गरेको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्न गएको हानि नोक्सानी बापतको क्षतिपूर्ति अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिईने क्षतिपूर्ति निर्धारण गर्नको लागि स्थानीय उपभोक्ताको प्रतिनिधित्व हुने गरी तोकिए बमोजिमको एक क्षतिपूर्ति निर्धारण समिति रहनेछ र सो समितिले सम्बन्धित व्यक्तिलाई वास्तविक रुपमा पर्न गएको हानि नोक्सानीको मूल्याङ्कन गरी क्षतिपूर्ति निर्धारण गर्नेछ।

(३) उपदफा (२) बमोजिम निर्धारण गरिएको क्षतिपूर्तिको रकममा चित्त नबुझ्ने व्यक्तिले सो निर्णयको जानकारी प्राप्त गरेको मितिले पैतीस दिनभित्र समिति समक्ष उजुरी गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको उजुरी उपर तीन महिनाभित्र निर्णय गरिसक्नु पर्नेछ र सो उजुरीका सम्बन्धमा समितिले गरेको निर्णय अन्तिम हुनेछ।

३४. <u>**घर जग्गा उपलब्ध गराई दिने**</u> : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयनको लागि आवश्यक पर्ने घर जग्गा वा गाउँपालिकाको स्वामित्वमा भएको जग्गा आफैले खरिद गरी वा अन्य रुपमा व्यवस्था गर्नु पर्नेछ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले उपदफा (१) बमोजिम खरिद गर्न त्यसरी खरिद गर्न वा अन्य रुपमा व्यवस्था गर्न नसकेमा र सम्झौतामा कुनै घर जग्गा प्राप्त गर्नु पर्ने उल्लेख भएमा समितिले अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा त्यस्तो घर जग्गा प्रचलित कानून बमोजिम उपलब्ध गराई दिनेछ।

(३) उपदफा (१) बमोजिम घर जग्गा प्राप्त गर्दा जग्गाधनीलाई दिनुपर्ने क्षतिपूर्ति सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्नु पर्नेछ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय सरकारको स्वामित्वमा रहेको वा सार्वजनिक जग्गा परियोजना कार्यान्वयनको लागि आवश्यक भएमा समितिले वा स्थानीय सरकारको स्वीकृति लिई त्यस्तो जग्गा सम्झौतामा लेखिए बमोजिम वा लिज वा बहालमा प्रयोग गर्न दिन सक्नेछ।

३५. <u>**परियोजनाको सुरक्षा गर्न सक्ने**</u> : (१) परियोजनाको सुरक्षा अनुमतिपत्र प्राप्त व्यक्ति आफैले गर्नु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले विशेष कारण देखाई परियोजनाको खास किसिमको सुरक्षाको लागि समितिसँग अनुरोध गरेमा सो बापत लाग्ने खर्च अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्ने गरी त्यस्तो

परियोजनाको सुरक्षाको व्यवस्था गर्न स्थानीय सरकारले परियोजनाको सुरक्षाको लागि प्रदेश वा संघीय सरकारसँग अनुरोध गर्ने छ।

३६. **सहयोग उपलब्ध गराउनु पर्ने** : (१) परियोजना कार्यान्वयन गर्ने सिलसिलामा समिति वा स्थानीय सरकारले अनुमतिपत्र प्राप्त व्यक्तिलाई उपलब्ध गराउनु पर्ने सहयोग, दिनु पर्ने स्वीकृति वा गरिदिनु पर्ने काम सम्झौतामा उल्लिखित तरिका र अवधिभित्र गरिदिनु वा उपलब्ध गराउनु पर्नेछ।

(२) परियोजना कार्यान्वयन गर्ने सिलसिलामा अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै सहयोग माग गरेमा र त्यस्तो सहयोग प्रचलित कानून बमोजिम उपलब्ध गराउन सकिने भएमा सो बापत व्यहोर्नु पर्ने खर्च र दायित्व अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्ने गरी समिति आफैले त्यस्तो सहयोग उपलब्ध गराउन वा स्थानीय सरकारको सम्बन्धित निकायलाई त्यस्तो सहयोग उपलब्ध गराउन लेखि पठाउन सक्नेछ।

३७. **विदेशी विनिमयको सुविधा** : परियोजनाको कार्यान्वयनको लागि ऋण वा शेयर पूँजीको रुपमा विदेशी मुद्रा लगानी भएमा अनुमतिपत्र प्राप्त व्यक्तिलाई त्यस्तो ऋणको साँवा वा ब्याज भुक्तानी गर्न वा लगानी फिर्ता गर्नको लागि आवश्यक विदेशी मुद्रा प्रचलित विनिमय दरमा प्रचलित कानून बमोजिम स्थानीय सरकारले, देश वा संघीय सरकारसँग अनुरोध गर्ने छ।

३८. **विष्फोटक पदार्थको प्रयोग** : परियोजनाको कार्यान्वयनको लागि विष्फोटक पदार्थको प्रयोग गर्नु परेमा अनुमतिपत्र प्राप्त व्यक्तिले स्थानीय सरकारलाई अनुरोध गरि स्थानीय सरकारले संघीय, प्रदेश सरकार वा सम्बन्धीत निकायसंग अनुरोध गर्ने छ।

३९. **कानून बमोजिमको सुविधा पाउने** : यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरी भएको लगानीले यस ऐन बमोजिमको सुविधाको अतिरिक्त प्रचलित कानून बमोजिम उद्योगले पाउने सम्पूर्ण संरक्षण, सुविधा, सहुलियत तथा छुट प्राप्त गर्नेछ।

४०. **सेवा सुविधाका शर्त तोक्न सक्ने** : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले उपभोक्तालाई सेवा सुविधा उपलब्ध गराउँदा यस ऐन वा सम्झौताको अधीनमा रही आवश्यक शर्त तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएका शर्त विपरीत उपभोक्ताले सेवा सुविधा उपभोग गर्न पाउने छैन।

## परिच्छेद-५

## लगानी सम्बन्धी व्यवस्था

४१. **अनुमतिपत्र प्राप्त व्यक्तिले लगानी गर्नुपर्ने** : (१) सम्झौतामा अन्यथा व्यवस्था भएको बाहेक परियोजना कार्यान्वयन गर्न आवश्यक लगानीको व्यवस्था अनुमतिपत्र प्राप्त व्यक्तिले गर्नुपर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना अन्तर्गतको घर, जग्गा वा मुख्य मेशिन उपकरण धितो राखी ऋण लिंदा समितिको स्वीकृति लिनुपर्नेछ।

४२. **संयुक्त लगानीमा परियोजना कार्यान्वयन गर्न सकिने** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले सम्झौतामा उल्लेख भए बमोजिम कुनै परियोजना कार्यान्वयन गर्न जग्गा उपलब्ध गराएर, स्वपूँजीमा हिस्सेदारी गरेर वा अन्य रुपमा संयुक्त लगानी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम भएको लगानी परियोजना कार्यान्वयन गर्ने निजी क्षेत्रले गाउँपालिकाको हिस्सा लिन चाहेमा परियोजनाको प्रचलित मूल्यमा हिसाब गरी दिन सकिनेछ।

४३. **अन्य व्यक्तिसँग सम्झौता गर्न सक्ने** : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा लगानी प्राप्त गर्न वा परियोजना बमोजिमको कुनै काम कुनै व्यक्तिबाट गराउने गरी अन्य व्यक्तिसँग सम्झौता गर्न सक्नेछ।

तर त्यसरी सम्झौता भएको कारणले परियोजना कार्यान्वयन गर्ने दायित्वबाट निजले उन्मुक्ति पाउने छैन ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै सम्झौता गरेको भए त्यस्तो सम्झौता भएको मितिले पन्ध्र दिनभित्र सो सम्झौताको प्रतिलिपि समिति समक्ष पेश गर्नु पर्नेछ।

४४. **भुक्तानी संझौता गर्न सक्ने** : अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना निर्माण गरी गाउँपालिकालाई हस्तान्तरण गर्ने गरी वा दफा ३१ बमोजिमको शुल्क नउठाई अन्य रुपमा परियोजनामा गरेको लगानी फिर्ता पाउने गरी दफा २० बमोजिम संझौता भएकोमा गाउँपालिकाले एकमुष्ट रुपमा वा किस्ताबन्दीमा त्यस्तो रकम भुक्तानी गर्ने वा शुल्क भुक्तानी पाउने गरी सम्झौता गर्न सक्नेछ।

४५. **सम्भाव्यता न्यून परिपूर्ति कोष** : गाउँपालिकाले सम्भाव्य आयको तुलनामा लागत बढी हुने परियोजनालाई अनुदान उपलब्ध गराउन सम्भाव्यता न्यून परिपूर्ति कोष खडा गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा गाउँपालिकाले विनियोजन गरेको रकम जम्मा गरिनेछ।

(३) उपदफा (१) बमोजिमको कोषबाट परियोजनालाई संभाव्य बनाउन आवश्यक रकम मात्र समितिको सिफारिशमा अनुदान दिइनेछ।

(४) संभाव्यता न्यून परिपूर्ति कोष तथा सो को सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-६

## समितिको गठन सम्बन्धी व्यवस्था (सार्वजनिक निजी साझेदारी इकाई)

४६. **समितिको गठन** : (१) पूर्वाधार विकास र निर्माणमा सार्वजनिक निजी साझेदारी तथा निजी लगानी परिचालनलाई प्रोतसाहन तथा व्यवस्थापन गर्न देहायको सार्वजनिक निजी साझेदारी इकाई प्रबर्धन समिति गठन हुने छ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | | |
|---|---|---|
| (क) | गाउँपालिकाको अध्यक्ष | अध्यक्ष |
| (ख) | गाउँपालिकाको उपाध्यक्ष | उपाध्यक्ष |
| (ग) | गाउँपालिकाको सदस्य मध्येबाट १ जना | महिला |
| (घ) | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (ङ) | सम्बन्धित वडा अध्यक्ष | सदस्य |
| (च) | निजी क्षेत्रबाट २ जना | सदस्य |
| (छ) | विशेषज्ञ/प्राविधिक (सार्वजिनक निजी साझेदारी बारे अनुभव/ज्ञान हासिल गरेको विज्ञ) | सदस्य |
| (ज) | गाउँलिका कार्यालयको सार्वजनिक निजी साझेदारी इकाई प्रमुख | सदस्य सचिव |

(३) समितिले सम्बन्धित विषयमा अनुभव भएको तथा विशेष ज्ञान हासिल गरेको कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(४) पूर्वाधार विकास र निमार्णमा सार्वजनिक निजी साझेदारी तथा निजी लगानी परिचालन गर्ने स्वीकृति निर्णय भए अनुसार सदस्य सचिवले दिने छ।

४७. **समितिको बैठक र निर्णय** : (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपाध्यक्षले समितिको बैठकको अध्यक्षता गर्नेछ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

४८. **परियोजनाको अनुगमन गर्न सक्ने** : (१) समितिले परियोजना कार्यान्वयनको अनुगमन गर्न सक्नेछ र त्यसरी अनुगमन गर्दा एकजना महिला सदस्यलाई सहभागी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परियोजना अनुगमन गर्ने सिलसिलामा समितिले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ।

४९. **<u>परियोजनाको विवरण राख्नु पर्ने</u>** : (१) गाउँपालिकाले समितिको सुझाव लिई दफा ३ बमोजिम कार्यान्वयन गरिने परियोजनाको पहिचान गरी सोको विवरण अद्यावधिक राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विवरण राख्दा गाउँपालिकाले सर्भेक्षण भए वा नभएका परियोजनाको छुट्टाछुट्टै विवरण राख्नु पर्नेछ।

५०. **<u>निर्देशन दिन सक्ने</u>** : समितिले परियोजनाको कार्यान्वयनको सम्बन्धमा सम्बन्धित गाउँपालिकालाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ।

५१. **<u>प्राविधिक समिति</u>** : (१) दफा ५२ बमोजिम गाउँपालिकाले कार्यान्वयन गर्ने परियोजनाको सम्बन्धमा सुझाव दिनको लागि सम्बन्धित गाउँपालिकाको सचिवको अध्यक्षतामा सम्बन्धित विषयको विशेषज्ञ समेत रहने गरी बढीमा पाँच सदस्य रहेको एक प्राविधिक समिति गठन गर्नेछ।

(२) प्राविधिक समितिको अध्यक्षले तोकेको सम्बन्धित गाउँपालिकाको कुनै अधिकृत कर्मचारीले प्राविधिक समितिको सचिव भई काम गर्नेछ।

(३) प्राविधिक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-७

## <u>विविध</u>

५२. **<u>गाउँपालिकाको अधिकार हुने</u>** : (१) यस ऐनका अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि रुपैयाँ भन्दा कम लागत भएको परियोजना यस ऐन बमोजिम गाउँपालिकाले सार्वनजिक निजी साझेदारीमा कार्यान्वयन गर्नेछ।

(२) उपदफा (१) बमोजिम परियोजना कार्यान्वयन गर्दा यस ऐन बमोजिम समितिलाई प्राप्त सम्पूर्ण अधिकार आवश्यक हेरफेर सहित गाउँपालिकालाई प्राप्त हुनेछ।

(३) उपदफा (१) बमोजिम परियोजना कार्यान्वयन गर्ने क्रममा गाउँपालिकाले कार्यकारी अधिकृतसँग आवश्यक राय सुझाव लिन सक्नेछ।

५३. **<u>विवादको समाधान</u>** : (१) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा गाउँपालिका र अनुमतिपत्र प्राप्त व्यक्तिबीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद आपसी समझदारीबाट समाधान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आपसी समझादारीबाट विवाद समाधान नभएमा विवादको समाधान सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा मध्यस्थताद्वारा गरिनेछ।

(३) उपदफा (२) बमोजिम मध्यस्थताद्वारा विवादको समाधान गर्दा मध्यस्थताको कार्यविधि सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा प्रचलित कानून बमोजिम हुनेछ।

५४. **क्षतिपूर्ति सम्बन्धी व्यवस्था** : (१) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा कुनै पक्षले यो ऐन वा ऐन अन्तरगत बनेको नियम वा सम्झौता विपरीत कुनै काम गरेबाट अर्को पक्षलाई हानि नोक्सानी पर्न गएमा त्यसरी पर्न गएको हानि नोक्सानी बापतको मनासिब रकम सो काम गर्ने पक्षले अर्को पक्षलाई क्षतिपूर्ति वापत बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्ति गाउँपालिकाबाट व्यहोर्नु पर्ने भएमा त्यस्तो क्षतिपूर्ति बापतको रकम हिसाब गरी गाउँपालिकाले अनुमतिपत्रको अवधि थप गर्न सक्नेछ।

५५. **लिज वा भाडामा दिन वा बेचबिखन गर्न सक्ने** : गाउँपालिकाले अनुमतिपत्र प्राप्त व्यक्तिलाई आफ्नो वा गाउँपालिकाको स्वामित्वमा रहेको, संस्थाको स्वामित्व वा अधीनमा रहेको कुनै घर वा जग्गा लिज वा भाडामा दिन, कुनै मेशिन, औजार वा पूर्वाधार संरचना बिक्री गर्न वा लिज वा भाडामा दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम लिज वा भाडामा दिँदाका शर्तहरु सम्झौतामा लेखिए बमोजिम हुनेछन्।

५६. **स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नु पर्ने** : कार्यान्वयनको सिलसिलामा सम्भव भएसम्म स्थानीय स्रोत, हुने वस्तु तथा सेवा उपयोग गर्नु पर्नेछ। अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना साधन, जनशक्ति र मुलुकभित्र उत्पादन

५७. **अध्ययन प्रतिवेदन माथि अधिकार कायम** : रहने प्रस्तावकले प्रस्तावसाथ पेश गरेको अध्ययन प्रतिवेदन सम्बन्धी कागजात उपर निजको पूर्ण अधिकार कायम रहनेछ । प्रस्तावकको लिखित स्वीकृति बिना त्यस्तो अध्ययन प्रतिवेदन सम्बन्धी कागजातहरु अन्य कुनै कामको लागि प्रयोग वा प्रकाशन गरिने छैन।

५८. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न स्थानीय सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

५९. **कार्यविधि तथा निर्देशिका बनाउन सक्ने** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न समिति वा कार्यपालिकाले आवश्यक कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ।

आज्ञाले,

देवीलाल सापकोटा

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति: २०७९/०३/१२